नेपाल सरकार

ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

# प्रेस विज्ञप्ति

मिति: २०७५।०९।३०

जलस्रोत सम्बन्धी नेपाल भारत संयुक्त जलस्रोत समिति ( Joint Committee on Water Resources, JCWR) तथा संयुक्त स्थायी प्राविधिक समिति (Joint Standing Technical Committee, JSTC) को बैठक यही ९-११ जनवरी, २०१९ तदनुसार पौष २५-२७, २०७५ मा भारतको नयाँ दिल्लीमा सम्पन्न भयो । नेपाल भारत संयुक्त जलस्रोत समितिको द्विपक्षीय बैठककमा नेपाल सरकारको तर्फवाट ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयका सचिव डा. संजय शर्मा तथा भारत सरकारको तर्फबाट जलस्रोत मन्त्रालयका सचिव श्री यु.पी. सिंह ले नेतृत्व गर्नु भएको थियो । नेपाल भारत संयुक्त स्थायी प्राविधिक समिति बैठककमा नेपाल सरकारको तर्फवाट ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयका सहसचिव श्री सुशील चन्द्र तिवारी तथा भारत सरकारको तर्फबाट गंगा वाढी नियन्त्रण आयोगका अध्यक्ष श्री ए. के. सिन्हाले नेतृत्व गर्नु भएको थियो ।

उक्त बैठकहरुमा महाकाली सन्धिसंग सम्बन्धित पञ्चेश्वर बहुउद्देश्यीय आयोजना, टकनपुर बाँधदेखि नेपाल सीमासम्मको लिङ्क नहर, टनकपुर महेन्द्रनगर लिङ्क सडक, दोधारा चाँदनी क्षेत्रमा सिंचाइका लागि पानी उपलब्ध गराउने विषयहरुमा छलफल भई पञ्चेश्वर बहुउद्देश्यीय आयोजनाको DPR लाई अन्तिम रुप दिन संयुक्त प्राविधिक समुहको समयावधी थप गर्ने तथा टकनपुर बाँधदेखि नेपाल सिमासम्मको लिङ्क नहरको निर्माण कार्यलाई अघि बढाउने सहमति भयो ।

यसै गरी सप्तकोशी उच्च बाँध बहुउद्देश्यीय आयोजना तथा सुनकोशी कमला स्टोरेज कम डाईभर्सन स्किम, कोशी तथा गण्डक आयोजनाहरुसँग सम्बन्धित समस्या तथा क्षतिपूर्ति लगायतका विषयहरुमा समेत छलफल भई दुवै पक्षका धारणाहरु राखियो । साथै सप्तकोशी उच्च बाँध बहुउद्देश्यीय आयोजना तथा सुनकोशी कमला स्टोरेज कम डाईभर्सन स्किमको सन्दर्भमा संयुक्त आयोजना कार्यालय एवम प्राविधिक समूहले आयोजनाको बर्तमान अवस्थाको लेखाजोखा सहित भावी कार्य दिशा तय गर्ने सहमति भयो । कोशी र गण्डक आयोजनामा देखिएका डुवान कटान, मर्मत सम्भार लगायतका समस्याहरुका सम्बन्धमा हालै सम्पन्न कोशी गण्डक आयोजना संयुक्त समिति (JCKGP) को निर्णयहरुको अनुमोदन गरी गण्डक उच्च स्थायी समिति (GHLSC) मा नेपाली पक्षको समेत सहभागिता गराउने निर्णय भयो।

नेपाल भारत सीमा भएर बहने नदीहरुवाट हुने डुवान कटान, भारतीय सहयोगमा निर्माणाधीन लालबकैया, बाग्मती र कमला नदी नियन्त्रण सम्बन्धी कार्यहरुको समीक्षाका साथै उक्त सहयोग अन्तर्गत थप नदीहरुमा सहयोग विस्तार एवम् नेपाल भारत सीमा क्षेत्रमा निर्मित सडक तथा अन्य पूर्वाधारका कारण हुने डुवान तथा निकासका सम्बन्धमा विस्तृत रुपमा छलफल भई भारतीय सहयोगमा नेपालका थप तीन नदिहरु (खाँडो, पूर्वी रासी र वाँडगंगा) को नदी नियन्त्रण सम्बन्धी कार्यहरु अघि बढाउने, विगतमा कार्य सम्पन्न भई भुक्तानी गर्न बाँकि रकम भारतीय पक्षवाट उपलब्ध गराउने, महाकाली नदी तटबन्धका कारण भुजेला गाउँमा परेको निकास सम्बन्धी समस्या समाधानका लागि थप निकास संरचनाको निर्माण गर्नुका साथै महाकाली नदीको भारत तर्फको खोटिला क्षेत्रमा आएको पहिरोको यथाशीघ्र व्यवस्थापनको लागि भारतीय पक्षबाट उपयुक्त उपायहरु अवलम्बन गर्ने सहमति भयो ।

नेपाल भारत सीमा क्षेत्रमा निर्मित सडक तथा अन्य पूर्वाधारका कारण हुने डुवान तथा निकासमा देखिएका समस्या समाधानका लागि बाढी तथा डुबानसम्बन्धी संयुक्त समिति (JCFIM) को विगतको बैठकमा भएको सहमति तथा संयुक्त निरीक्षण उपसमुहको सिफारिसहरु कार्यान्वयन गर्नुका साथै सोही उपसमुहबाट नियमित अनुगमन निरीक्षण गरी देखिएका समस्या समाधानका लागि उपयुक्त उपायहरु अवलम्बन गर्न समेत दुवै पक्षको सहमति भयो ।

**प्रवीण राज अर्याल**

सहसचिव एवम् प्रवक्ता